आज मिति २०७७ साल भदौ महिनाको ३१ गते वुधवारका दिन पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री अस्मान तामाङज्यूको अध्यक्षतामा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, (District Covid-19 Crisis Management Centre) को बैठक देहायको उपस्थितिमा बसी निम्न अनुसारका निर्णयहरु गरियो ।

सल्लाहकार

| | |
|---|---|
| प्रमुख श्री नेक महम्द अंसारी | जिल्ला समन्वय समिति, पर्सा |
| नगर प्रमुख श्री विजय कुमार सरावगी, | वीरगंज महानगरपालिका, पर्सा |

उपस्थिति

| | |
|---|---|
| अध्यक्ष श्री अस्मान तामाङ | प्रमुख जिल्ला अधिकारी, पर्सा |
| सदस्य श्री डा. संजय कुमार ठाकुर | मे.सु. नारायणी अस्पताल, बीरगंज, पर्सा |
| सदस्य श्री मदनजंग राणा | प्रमुख सेनानी, चण्डी प्रसाद गण, पर्सा |
| सदस्य श्री गंगा पन्त | प्रहरी उपरीक्षक, जिल्ला प्रहरी का., पर्सा |
| सदस्य श्री राजेन्द्र खड्का | सशस्त्र प्रहरी उपरीक्षक, स.प्र.ब. नेपाल, पर्सा |
| सदस्य श्री कुमार खड्का | उप अनु. निर्देशक, रा.अ.जि. कार्यालय, पर्सा |
| सदस्य श्री कामेश्वर प्रसाद चौरसिया, | बरिष्ठ जनस्वास्थ्य अधिकृत, जि.स्वा.का. |
| सदस्य श्री विनय कुमार श्रीवास्तव | जिल्ला प्रशासन कार्यालय, पर्सा |

आमन्त्रित:

| | |
|---|---|
| श्री प्रभु हजरा | ने.क.पा. पर्सा |
| श्री अजय द्विवेदी | नेपाली कांग्रेस, पर्सा |
| श्री राम नरेश यादव | स.स.फो. पर्सा |
| श्री जगदिश पटेल | स.स.फो. पर्सा |
| श्री डा. रमेश मिश्र | जिल्ला आयुर्वेद कार्यालय, पर्सा |
| श्री विरेन्द्र कंडेल | नेपाल रेडक्रस सोसाईटी, पर्सा |
| श्री स्याम बन्जारा | नेपाल पत्रकार माहासंघ, पर्सा |
| श्री गोपाल केडिया | वीरगंज उद्योग वाणिज्य संघ, पर्सा |
| श्री सुवोध गुप्ता | वीरगंज उद्योग वाणिज्य संघ, पर्सा |

निर्णयहरु

१. कोभिड-१९ को बढ्दो संक्रमणका कारण समग्र क्षेत्रमा उत्पन्न असहज परिस्थितिका बावजुद आ-आफ्नो ठाउँबाट संक्रमणको जोखिम नियन्त्रण गर्ने यस अभियानमा सदाझैं निरन्तरको सहयोग, साथ र सहभागिताको लागि सम्बन्धित सबैमा धन्यवाद व्यक्त गरियो ।

२. कोभिड-१९ को संक्रमणको विगत केही दिन देखी यस जिल्लामा घट्दो दरमा रहेको छ । भाद्र २४ गतेदेखी संक्रमण १ एक अंकमा घटेको छ । भाद्र ३० गते नयाँ संक्रमण नदेखिएको । यस जिल्लामा हाल गण्डक अस्पतालमा-७० वेड, बीरगंज हेल्थ केयरमा-१२० वेड, नारायणी अस्पतालमा-२० वेड र नेशनल मेडिकल कलेजमा-१७६ वेड गरी जम्मा ३८६ वेडको कोभिड अस्पताल संचालनमा रहेको छ । विभिन्न २५ वटा Community Isolation मा ६७५ वेडको व्यवस्था गरिएको । होम आईसोलेसन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम स्वास्थ्यमा कुनै समस्या नभएका र लक्षण नदेखिएका संक्रमितहरुलाई होम आईसोलेसनमा राख्ने व्यवस्था मिलाईएको । नेपाली सेना र सशस्त्र प्रहरी बलमा कार्यरत जवानहरुको लागि श्री चण्डी प्रसाद गण भित्र २५ वेड र सशस्त्र प्रहरी बल नेपाल नं १३ हे.क्वामा १०० वेडको क्वारेन्टाईन/आईसोलेसन स्थापना गरी संचालनमा ल्याईने ।

३. श्री चण्डी प्रसाद गणको मिति २०७७-०५-२१ को च.नं. ५३२ को पत्र साथ प्राप्त खानाको मेनु तथा मूल्य सूची र संक्रमितहरुको नामावली लगत बमोजिम गोपाल मण्डली धर्मसाला आईसोलेसनको खानाको खर्च रकम रु. १,७७,३२०।- (एकलाख सत्तहतरी हजार तीनसय बिस) र ठाकुरराम बहुमुखी क्याम्पसमा संचालित आईसोलेसनको खानाको खर्च रु. ३३,०००।- (तेतिस हजार) गरी जम्मा रु. २,१०,३२० (दुईलाख दशहजार तीनसय विस) खाना खुवाउने व्यक्ति राजेश सिंह राजपुतलाई जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रबाट भुक्तानी दिने गरी खर्च समर्थन गर्ने निर्णय गरियो ।

४. श्री चण्डी प्रसाद गणको च.नं. ८४५ को पत्रबाट लेखी आए बमोजिम ठाकुरराम क्याम्पस, गोपाल मण्डली धर्मसाला र सिद्धार्थ मा.वि.मा संचालित क्वारेन्टाईन/आईसोलेसनमा धारा, पानी, बिजुली, फोहोर व्यवस्थापन तथा संक्रमितहरुको खाना खुवाउने कार्यमा सहयोगी भुमिका निर्वाह गर्दै आएका गैर सैनिक व्यक्तिहरु ईस्लाम मिया माली, दिल्ली प्रसाद उप्रेती, जित बहादुर लामा र शंकर यादव गरी ४ जना लाई पारिश्रमिक स्वरुप प्रति महिना

जनही १५,०००।-(पन्ध्र हजार) का दरले कोभिड-१९ संकट व्यवस्थापन केन्द्रबाट भुक्तानी दिने गरी खर्च समर्थन गर्ने निर्णय गरियो ।

५. कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणमा सहयोग हुने गरी Covid Action Team, Covid Club, नागरिक समाज, समुदाय र प्रहरी साँझेदारीमा चेतनामूलक कार्यक्रम संचालन गर्ने ।

६. **सार्वजनिक सेवा प्रवाह गर्दा कार्यालयले अपनाउनु पर्ने सावधानी :**

क. प्रवेश विन्दुमा अनिवार्य तापक्रम मापण गर्ने,

ख. साबुन, पानी, सेनिटाईजरको व्यवस्था गर्नुपर्ने,

ग. अनिवार्य लगबुक राख्नुपर्ने,

घ. शौचालय र हात धुन ठाउँ पटक पटक सफा गर्नुपर्ने,

ङ. कर्मचारी-कर्मचारी, सेवाग्राही-सेवाग्रही, कर्मचारी-सेवाग्राही बीचको दुरी कम्तिमा २(दुई) मिटर हुनुपर्ने,

च. अनिवार्य मास्कको प्रयोग गर्न लगाउनु पर्ने, मास्क नलाएकाहरुलाई कार्यालय परिसर भित्र प्रवेश निषेध गर्ने,

छ. जरुरी बैठक र छलफलमा अति आवश्यक पदाधिकारी मात्र उपस्थित हुने गरी बैठक तथा छलफल गर्ने,

ज. सेवाग्रहीलाई सम्भव भएसम्म अनलाईन सेवा दिने, सम्भव नभए काउन्टर मोडलबाट सेवा दिने व्यवस्था मिलाउने,

झ. शुल्क र राजश्वन लिदाँ सम्भब भएसम्म नगद कारोबार नगरी बैंकिङ्ग कारोबार मार्फत गर्ने र गराउने,

ञ. सेवाग्राहीले पालना गर्नु पर्ने सावधानी सम्बन्धी सूचना प्रवेश विन्दुमा नै सूचना बोर्ड राख्ने,

ट. टोकन प्रणाली लागु गर्ने ।

ठ. नेपाल सरकारले तोकेको सुरक्षा,स्वास्थ्य र अन्य तोकिएको मापदण्डको पालना गर्नु पर्ने ।

७. **भिडभाड/निषेघाज्ञालाई व्यवस्थित गर्ने सम्बन्धमा :**

I. कोभिड-१९ रोकथाम, नियन्त्र तथा उपचारलाई व्यवस्थित गर्न (Covid-19 Based Seal) संक्रमणमा आधारित सिलबन्दी प्रकृयालाई निरन्तरता दिईने ।

II. पसल, वजार तथा तरकारी फलफूलको विक्री वितरणलाई व्यवस्थित एवं प्रभावकारी बनाउन देहाय अनुसार गरिने :

क) बीरगंज महानगरपालिका क्षेत्रभित्र रहेका पसलहरु शनिबार बाहेक प्रत्येक दिन दिउँसो ११:०० बजे देखी ४:०० बजेसम्म स्वास्थ्य सम्बन्धी मापदण्डको पालना हुने गरी र भिडभाड नहुने गरी संचालन गर्न पाईने ।

ख) तरकारी तथा फलफुलको हकमा रेल्वे रोडमा घण्टाघर चोक देखी २०० मिटर स्कुल देखी दक्षिण तर्फ एक तर्फी रुपमा मात्र पसलहरु राख्ने । दुई पसल वीचको दुरी न्युनतम १५ फिट राख्ने । उक्त सडक खण्डमा तोकिएको अवधि भरी कुनै पनि मालवाहक यात्रुवाहक सवारी साधन सञ्चालन गर्न नपाइने ।

ग) तोकिएको समय र स्थान वाहेक अन्य समय वा स्थानमा कुनै पनि प्रकारले पसल खोलेको, सामान बेचेको वा भिडभाड गरेको पाइएमा तत्काल कानुन बमोजिम कारबाही गरिने ।

घ) आ- आफ्नो पसलमा आउने ग्राहकहरुलाई सामाजिक दुरी कायम गर्ने, भिडभाड नियन्त्रण गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित व्यवसायीको हुने । स्वास्थ्य तथा सुरक्षाको मापदण्ड उल्लंघन भएको पाइएमा सम्बन्धित व्यवसायीलाई कारवाही गरिनेछ ।

ङ) तरकारी तथा फलफुल पसल विहान ५ देखी ८ बजे सम्म मात्र सञ्चालन गर्ने ।

**७.२. देहाय बमोजिमका सेवा र कार्यहरु हाललाई सञ्चालन नगरिने :**

क) कुनै पनि मेला, महोत्सव, जात्रा सञ्चालन गर्न, मानिसहरु भेला जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न,

ख) परम्परागत रुपमा भइ आएको दैनिक रुपमा आन्तरिक नित्य पुजा वाहेकका सम्पुर्ण धार्मिक सांस्कृति गतिविधिहरु सञ्चालन गर्न ।

ग) शैक्षिक संस्थाहरु, प्रशिक्षण केन्द्र, ट्युशन सेन्टर, भाषा कक्षा लगायतको गतिविधिहरु।

घ) डिपार्टमेन्टल स्टोर, मनोरञ्जन स्थल, शैलुन, व्युटिपार्लर, स्पा, स्वीमिङ्ग पुल, जिमखाना, समुहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय आदि ।

७.३. कोभिड-१९ को संक्रमण विस्तारलाई रोक्न NO Mask No Move अभियान संचालन गर्ने, सार्वजनिक स्थलहरुमा मास्क नलगाई आवज जावत गर्ने व्यक्तिहरुलाई तत्काल कारवाही गर्ने ।

७.४. शनिवार तथा सार्वजनिक विदाका दिन NO Movement Day को रुपमालघोषणा गरी लागु गर्न अनुरोध गर्ने

७.५. अनावश्यक आवत जावतलाई नियन्त्रण गर्न घण्टाघर, परवानिपुरको प्रतिमा चौक, पावर हाउस, विर्ता चौक र आदर्शनगरलाई Restrictive Movement Area तोक्ने ।

**७.६. सवारी साधनलाई उचित व्यवस्थापन गर्न :**

क) सवारीधनी/चालकले पालना गर्नु पर्ने नियम

- सवारीधनी तथा चालकले नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्नु पर्ने,
- यात्रा गर्ने यात्रु तथा सवारी चालक र स्टाफहरुले अनिवार्य रुपले मास्क लगाउनु पर्ने ।
- प्रत्येक सवारी साधनमा स्यानीटाईजरको व्यवस्था गर्ने ।
-

ख) यात्रुहरुले पालना गर्नु पर्ने नियम

- सवारी साधनमा यात्रा गर्दा भौतिक दुरी कायम गरी यात्रा गर्ने ।

- अनिवार्य मास्क र स्यानिटाईजरको प्रयोग गर्ने ।
- भिडभाड नगर्ने ।

ग) वीरगंज महानगरपालिका स्थित मिनाबजार, घण्टाघर देखी नारायणी अस्पताल जाने मेनरोडमा विहान १०:०० बजे देखी दिउँसो ५:०० बजेसम्म No Vehicles Movement zone घोषणा गरी लागु गर्ने तर एम्बुलेन्स, बैकिङ्ग कारोबारसँग सम्बन्धीत सवारी साधन र ट्रान्सपोर्ट/थोकबाट पसलसम्म ल्याउने सवारी साधनहरु, ग्यास, औषधी ढुवानी गर्ने सवारी साधन संचालन गर्न दिईनेछ ।

घ) सवारी साधनको व्यवस्थापन गर्न बीरगंज महानगरपालिकाको समन्वयमा पुरानो र नयाँ वसपार्क, घण्टाघर र मालपोल कार्यालय अगाडी रहेको स्थलहरुमा पार्किङको व्यवस्थापन गर्ने ।

ङ) वीरगंज महानगरपालिका भित्र फुटपाथमा कुनै प्रकृतिका पसलहरु संचालनमा रोक लागाउने ।

७.७. नेपाल-भारत सिमानामा अनाधिकृत अवागमनलाई नियन्त्रण गर्न सिमा नाकामा विशेष सुरक्षा अभियान संचालन गर्ने ।

७.८. आम नागरिकलाई अनुरोध

क. नागरिकको स्वास्थ्य सम्बन्धी उच्च सतर्कता अपनाएर मात्रै नियमित काम कारवाही संचालन गर्ने,

ख. अत्यावश्यक काम बाहेक आफु रहेको आवास र कार्यालयबाट अन्यत्र आवत जावत नगर्ने,

ग. अत्यावश्य काम बाहेक अनावश्यक हिलडुल गर्न निषेध गर्ने,

घ. दीर्घरोगी, १० वर्ष मुनिका बालबालिका ज्येष्ठ नागरिक सुत्केरी वा गर्भवती महिला र अशक्तहरु अति आवश्यक र स्वास्थ्य सम्बन्धी काम बाहेक आफ्नै घरमा बस्न प्रोतसाहन गर्ने,

ङ. सुरक्षाकर्मी स्वास्थ्यकर्मी र कर्मचारीले स्वास्थ्य सम्बन्धी उच्च सतर्कता उपनाउने ।

**८. सेवा संचालन सम्बन्धी :**

क. प्रत्येक कार्यालयले अति आवश्यकीय र जरुरी सेवा वर्गिकरण गर्ने ।

ख. अतिआवश्यकीय र जरुरी सेवाहरु प्रवाह गर्ने ।

ग. प्राथमिक्ताको आधारमा सेवाहरुको निरन्तरता दिदै जाने ।

९. सेवा प्रवाह पूर्व गर्नुपर्ने तयारी :

| सि.नं. | क्रियाकलाप | साधन स्रोत | जिम्मेवार निकाय | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|
| १ | सेवाग्राहीलाई सुचना सम्प्रेषण | सम्बन्धित कार्यालय | सम्बन्धित कार्यालय | जिल्ला प्रशासन कार्यालय |
| २ | Lay Out Management | सम्बन्धित कार्यालय | सम्बन्धित कार्यालय | जिल्ला प्रशासन कार्यालय |
| ३ | पालिकागत संख्याको आधारमा सेवा निर्धारण | सम्बन्धित कार्यालय | सम्बन्धित कार्यालय | जिल्ला प्रशासन कार्यालय |
| ४ | लाईन ब्यवस्थापन र भौतिक दुरी कायम गर्न चिन्हो लगाउने | सम्बन्धित कार्यालय | सम्बन्धित कार्यालय | जिल्ला प्रशासन कार्यालय |
| ५ | सबै कर्मचारी र सेवाग्राहीको तापक्रम मापन | सम्बन्धित कार्यालय | सम्बन्धित कार्यालय | जिल्ला प्रशासन कार्यालय |
| ६ | सेवाग्राहीहरुलाई हात धुने साबुन पानी र सेनेटाईजरको ब्यवस्था | सम्बन्धित कार्यालय | सम्बन्धित कार्यालय | जिल्ला प्रशासन कार्यालय |
| ७ | कर्मचारी र साधन ब्यवस्थापन | सम्बन्धित कार्यालय | सम्बन्धित कार्यालय | जिल्ला प्रशासन कार्यालय |
| ८ | कर्मचारीलाई मास्क, सेनेटाईजर, पन्जा र फेश सिल्डको ब्यवस्था | सम्बन्धित कार्यालय | सम्बन्धित कार्यालय | जिल्ला प्रशासन कार्यालय |
| ९ | कर्मचारीलाई क्वारेन्टिन र आईसोलेशनको ब्यवस्था | सम्बन्धित कार्यालय | सम्बन्धित कार्यालय | जिल्ला प्रशासन कार्यालय |
| १० | कार्यालय भवनको दैनिक सेनिटाईजेशन | सम्बन्धित कार्यालय | सम्बन्धित कार्यालय | जिल्ला प्रशासन कार्यालय |

- सेवा प्रदायक कार्यालयहरुले तस्बिर सहितको प्रतिवेदन भाद्र ३१ गते बेलुका सम्म जिल्ला प्रशासन कार्यालयको ईमेल daoparsa1@gmail.com मा उपलब्ध गराउने ।

१०. टेलिकम, बिद्युत, सिचाई, बिकास निर्माण सम्बन्धि काम गर्ने कार्यालयहरुबाट कर्मचारी फिल्डमा खटिदा अनिवार्य रुपमा स्वास्थ्य तथा सुरक्षा सम्बन्धि सम्पुर्ण मापदण्ड पुरा गर्नुपर्ने ।

११. जिल्ला प्रशासन कार्यालयले सार्वजनिक कार्यालय, निजि बैंक, बिकास निर्माण स्थल समेतको अनुगमन गर्ने र मापदण्ड बिपरित काम गरेको पाईएमा संक्रामण ऐन, २०२० बमोजिम तत्काल कारबाही गरिनेछ ।

१२. श्री समाजिक विकास मन्त्रालय, प्रदेश नं २, को च.नं. ६६, मिति २०७७-०५-१८ को पत्रबाट लेखी आए बमोजिम भारतबाट स्थलमार्ग हुँदै स्वदेश आउने नेपालीहरुको प्रवेश विन्दुको रुपमा तोकिएको स्थानहरुमा रहेका हेल्थ डेस्कहरुलाई व्यवस्थित बनाउन अस्थायी रुपमा ५ वटा टेन्ट राख्नको लागि करिब ६०० मिटर जग्गा आवश्यक पर्ने हुँदा सो को व्यवस्थापनको लागि यस जिल्लामा प्रवेश विन्दुको रुपमा रहेको वीरगंज नाकामा नेपाल तर्फ शंकराचार्य गेट छेउछाउ खाली रहेको जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

१३. पर्सा जिल्लामा रहेका नीजी तथा सरकारी विद्यालयहरुमा संचालित क्वारेन्टाईन तथा आईसोलेसनहरुलाई अन्यत्र व्यवस्थापन गर्दै विद्यालयहरु संचालनको लागि केन्द्रिय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (CCMC) लाई अनुरोध गर्ने निर्णय गरियो ।